# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

)खण्ड भिमाद (8माघ १० गते ,२०८१४ संख्या) साल 1)

भाग 2

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ) को उपदफा 102३बमोजिम भिमाद नगर ( कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## संस्था दर्ता (पहिलो संशोधन) ऐन, २०८१

प्रस्तावना :

संस्था दर्ता सम्बन्धी प्रचलित कानूनलाई समानूकुल संशोधन गर्न वाञ्छनीय भएकोले, भिमाद नगरपालिकाको १८ औ नगर सभाले यो ऐन जारी गरेको छ ।

१. **संक्षिप्त नाम प्रारम्भ** : (१) यस ऐनको नाम संस्था दर्ता (पहिलो संशोधन) विधेयक, २०८१ रहेको छ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा २ मा संशोधन** : मूल ऐनको खण्ड (च) पश्चात देहायको (छ) कायम गरिएको छ ।

(क)न्यायिक समिति भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिलाई सम्झनुपर्छ ।

३. **मूल ऐनको दफा ४ मा संशोधन** :मूल ऐनको दफा ४ को उपदफा (१) पश्चात देहायको उपदफा (१क) (१ख) कायम गरिएको छ ।

**(१क)** उपदफा (१) बमोजिम निवेदन पेस गर्दा देहाय बमोजिमका कागजाहरु पेस गर्नुपर्नेछ

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) असल चालचलन भएको प्रहरीको सिफारिस,

(घ) तीन प्रति प्रमाणीत विनियम।

(१ख) संस्थाले पेस गर्ने विधानको ढाँचा तोकिए बमोजिम हुनेछन् ।

४. <u>**मूल ऐनको दफा ९ मा संशोधन**</u> : मूल ऐनको दफा ९ पश्चात उपदफा (१) कायम गरी देहाय बमोजिम उपदफा ( २) कायम गरिएको छ ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि वार्षिक पचास हजार भन्दा कम कारोवार गरेको संस्थाको हकमा आय र व्ययको विवरण साधारण सभावाट अनुमोदन गरी सोको विवरण नगरपालिकामा उपलव्ध गराउनुपर्नेछ ।

६. <u>**मूल ऐनको दफा ११ मा संशोधन**</u>: मूल ऐनको दफा ११ मा **"संघीय र प्रादेशिक सरकारले"** भन्ने सट्टामा **"नगर कार्यपालिकाले"** भन्ने शव्द कायम गरिएको छ ।

७. <u>**मूल ऐनको दफा १३ मा संशोधन**</u>: मूल कार्यविधिको दफा १३ मा **"नगर प्रमुख"**को सट्टामा **"न्यायिक समिति"** भन्ने कायम गरिएको छ ।

८. <u>**मूल ऐनको दफा १५ मा संशोधन**</u>: मूल ऐनको दफा १५ को उपदफा (१) पश्चात देहायको उपदफा (२) थप गरिएको छ ।

(२) नियमहरु बनाउदाँ उपदफा (१) ले दिएको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाले खास गरी देहायका विषयमा नियमहरु बनाउँनेछ ।

(क)संस्थाको नविकरणका गर्दा आवश्यक पर्ने कागजातहरु,

(ख)नविकरण सम्बन्धी दस्तुर जरिवना वा विलम्व शुल्क,

(ग) दर्ता किताव सम्बन्धी ढाँचा,

(घ) संस्था दर्ताको प्रमाणपत्र,

(ङ) विधानको ढाँचा।

९<u>. **मूल ऐनको दफा १८ मा संशोधन**</u>: **संघीय र प्रादेशिक व्यवस्थापिकाले** भन्ने ठाउँमा **संघीय संसद र प्रदेश सभा** भन्ने शव्द कायम गरिएको छ ।

आज्ञाले

प्रमाणिकरण मितिः 2081/१० १०/ कमल प्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र.भिमाद मुद्रित। मूल्य रु , ४०**